# राष्ट्रिय मानव अधिकार आयोग

**National Human Rights Commission**

केन्द्रिय कार्यालय, Central Office

हरिहर भवन, पुल्चोक, ललितपुर, HariharBhawan, Pulchowk, Lalitpur, Nepal

प.सं.
च. नं.

## प्रेस विज्ञप्ति

(आमसञ्चारका माध्यममा तत्काल उपयोगको लागि)

२०७० भदौ ११ गते

कृष्णप्रसाद अधिकारी हत्याप्रकरण

# अधिकारी दम्पतीको जीवन रक्षाका लागि सहयोग गर्न आग्रह

गोरखाका कृष्णप्रसाद अधिकारीको हत्यासम्बन्धी विषयमा आयोगले विगतमा गरेको सिफारिसलाई ध्यानमा राखेर हत्याबारे अनुसन्धान प्रक्रिया अघि बढिइरहेको जानकारी नेपाल सरकारबाट प्राप्त भएको छ।

यद्यपि, दोषीहरूमाथि कानुनी कारबाही हुनुपर्ने माग गर्दै मृतकका पिता नन्दप्रसाद अधिकारी र आमा गंगामाया अधिकारी एक महिनाभन्दा लामो समयदेखि आमरण अनसनमा बस्नुभएको छ। उहाँहरूको अवस्थाबारे आज पनि पुनः अनुगमन गरेको छ। अनुगमनबाट प्राप्त जानकारीअनुसार उहाँहरूको स्वास्थ्य स्थिति नाजुक बन्दै गएको छ।

आमरण अनसनमा रहनुभएका मृतकका मातापिताको जीवन रक्षाका लागि आयोगले गरेको पहललाई सहयोग गर्न र आरोपित व्यक्तिहरूमाथि अनुसन्धान हुनेबारे मृतकका परिवारजनलाई आश्वस्त तुल्याउन नेपाल सरकारसँग आयोग पुनः आह्वान गर्दछ। साथै, यस कार्यमा सहयोग पुऱ्याउन आयोग नेपाल सरकार, नागरिक समाजलगायत सबै सरोकारवालाहरूसँग आग्रह गर्दछ।

(वेदप्रसाद भट्टराई)
कामु सचिव

फोन नं. ५०१००१५, फ्याक्स नं. ००९७७-१-५५४७९७३ पो.ब.नं. ९१८२ काठमाण्डौ, नेपाल
Phone: +977 1 5010015 Fax: +977 1 5547973, G.P.O. Box: 9182, Kathmandu, Nepal,
Email: nhrc@nhrcnepal.org Website: www.nhrcnepal.org